## मिति २०७८।०१।०९ गतेको कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नम्बर १ :** कोविड १९ कोरोना भाईरसको दोस्रो चरणको प्रकोप बढिरहेको अवस्थामा यसको रोकथाम तथा नियन्त्रणका लागि दशरथचन्द नगरपालिका भित्र नगर स्तरीय आइसोलेशन वार्ड तयार गर्नु आवश्यक भएकोले द.न.पा.वा.नं. ४ शाहिलेक स्थित श्री विरेन्द्र मा.वि.को सडक छेउको छुट्टै भवन उपयुक्त देखिएकोले सो का लागि विद्यालय र विद्यालय व्यवस्थापन समितिलाई अनुरोध गर्ने निर्णय गरियो । साथै आईसोलेशन वार्ड संचालन एवं व्यवस्थापनका लागि देहाय अनुसारका सदस्यहरु रहने गरि तपसीलको उपसमिति गठन गर्ने निर्णय गरियो ।

देहाय

| | | |
|---|---|---|
| १. | संयोजक | श्री नरेन्द्र सिह कार्की वडा सदस्य वडा नं. ४ द.न.पा. |
| २. | सदस्य | श्री दुर्गादत्त जोशी स्वास्थ्य संयोजक दनपा |
| ३. | सदस्य | श्री डम्बर सिह थापा जिन्सी प्रमुख दनपा |
| ४. | सदस्य | श्री मानमती पुजारा कार्यपालिका सदस्य दनपा |
| ५. | सदस्य सचिव | श्री विनोद बहादुर चन्द विपद सम्पर्क व्यक्ति दनपा |

**निर्णय नम्बर २ :** भारत तथा अन्य मुलुकबाट भित्रिने नागरिकहरुको संख्या तिव्र रुपमा बढिरहेको र सीमा नाकाहरुमा चेकजांच गरी परिक्षण भईरहेको र कतिपय नागरिकहरु बिना परिक्षण नेपाल भित्रिरहेका भन्ने बुझिन आएकोले बाहिरबाट आउने नागरिकहरुले अनिवार्य रुपमा परिक्षण गराएको प्रमाणपत्र लिनु पर्ने र स्वास्थ्यको मापदण्ड अनुसार पालना गर्न स्थानीय संचार माध्यम, पत्रपत्रीका र सूचना मार्फत सबै वडाहरुमा प्रचार प्रसार गराउने निर्णय गरियो ।

**निर्णय नम्बर ३ :** द.न.पा.को प्रवेशद्वार झुलाघाटमा द.न.पा. भित्रका बाहिरबाट आउने नागरिकहरुको लगत संकलन गर्न द.न.पा.स्वास्थ्य शाखाबाट १ जना स्वास्थ्यकर्मी खटाउने र उक्त स्वास्थ्यकर्मीले विवरण अद्यावधिक गरी वडा कार्यालयहरु र न.पा.मा जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नम्बर ४ :** द.न.पा. वा.नं. ७ स्थित केदारशिला आ.वि.सुर्काललाई कक्षा थपका लागि अनुमती र द.न.पा. ११ स्थित केदार आ.वि.सिमलोडासौंमा प्राविधिक तर्फको विषय अध्ययन अनुमतीका लागि स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नम्बर ५ :** कोरोना भाईरसको दोस्रो लहर देशभरी फैलिरहेको सन्दर्भमा संक्रमित व्यक्तिहरुलाई उपचारका क्रममा आवत जावत गर्न द.न.पा.२ र द.न.पा. ६ मा रहेका एम्बुलेन्सहरुलाई तयारी अवस्थामा राख्न लगाउने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नम्बर ६ :** द.न.पा.को छैठौं नगर सभाबाट स्वीकृत गरिएको पदाधिकारी तथा कर्मचारी अध्ययन अवलोकन भ्रमण शिर्षकमा विनियोजित रकमबाट रु.४ लाख र संस्कृति पर्यटन तर्फ विनियोजित रु. १ लाख रकम गरी जम्मा रु. ५ लाख रकमान्तर गरी वडा नं. ९ का योजना तथा कार्यक्रममा समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ७ :** द.न.पा.को छैठौं नगर सभाबाट स्वीकृत गरिएको धामीगाउं पहिरो नियन्त्रण द.न.पा.३ योजनामा विनियोजित रु.५ लाख रकमलाई रकमान्तर गरी सोही वडामा स्थित श्री कुलौन मा.वि.खेलमैदान निर्माण योजनामा विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ८ :** द.न.पा.खलंगा स्थित भाडामा दिईएको यस कार्यालयको भवनको संरक्षण र मर्मत सम्भार गर्नुपर्ने र कार्यालयलाई स्टोर तथा अन्य प्रयोजनका लागि भवनको आवश्यकता रहेकोले उक्त भवन २०७८ साल आषाढ मसान्तसम्म अनिवार्य रुपमा घर खाली गर्न घर भाडामा लिने व्यक्तिलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ९ :** मिति २०७८।०१।०२ गतेका दिन संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा संचालन गरिने सीपमूलक तालिम कार्यक्रम संचालनका विषयमा नगर प्रमुख श्री नरेन्द्र सिह थापाज्यूको अध्यक्षतामा बसेको बैठकबाट पारित गरिएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner